सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २८० ♦ २०८३ साल असार १० बुधवार ♦ 24 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

# धान रोप्ने बेला मल र पानीको प्रतीक्षामा मधेसका किसान

खबर दर्पण समाचारदाता

**असार ९ गते, बर्दिवास**



असार लागेसँगै मधेसका खेतहरूमा धान रोपाइँको चहलपहल बढेको छ। किसानहरू बिहानदेखि साँझसम्म खेतमा व्यस्त छन्। तर धान रोप्ने मुख्य समयमै आवश्यक सिँचाइ सुविधा र रासायनिक मलको अभाव भएपछि मधेसका किसानको उत्साहसँगै चिन्ता पनि बढेको छ।

सिँचाइ सुविधा नपुगेका क्षेत्रमा किसानहरू अझै पनि आकाशे पानीको भरमा खेती गर्न बाध्य छन्। पर्याप्त वर्षा नहुँदा खेतमा आवश्यक पानी पुग्न सकेको छैन भने अर्कोतर्फ समयमै मल नपाउँदा रोपिएको धानको उत्पादन घट्ने डर किसानलाई छ।

मधेस प्रदेशका धनुषा, महोत्तरी, सिराहा, सप्तरी, बारा र रौतहट लगायत जिल्लामा धान खेतीको क्षेत्र ठूलो छ। यी जिल्लाका अधिकांश किसानका लागि धान मुख्य खाद्यान्न बाली मात्र नभई आयआर्जनको प्रमुख आधारसमेत हो।

जनकपुरधाम उपमहानगरपालिका-२० का विजयप्रसाद राउतले चार बिघा जमिनमा धान खेती गर्दै आएका छन्। यस वर्ष पनि उनले रोपाइँ सुरु गरेका छन्। तर रोपाइँपछि आवश्यक पर्ने मल नपाउने चिन्ताले उनलाई सताएको छ।

"केही खेतमा रोपाइँ गरियो, तर अब मल कहाँबाट ल्याउने भन्ने समस्या छ। डिपोमा जाँदा मल छैन भनेर फर्काइन्छ," उनले भने।

त्यस्तै जनकपुरधाम उपमहानगरपालिका-२४ का बद्री साहले अर्काको बोरिङबाट पानी ल्याएर धान रोपाइँ गरे पनि मल पाउन नसकेको बताए। समयमा पानी र मल उपलब्ध नभए उत्पादन प्रभावित हुने उनको चिन्ता छ।

जलेश्वर उपमहानगरपालिका-१० का राघव ठाकुरको समस्या पनि उस्तै छ। सिँचाइको भरपर्दो व्यवस्था नहुँदा र मल सहज रूपमा नपाउँदा खेती गर्न कठिन भएको उनको भनाइ छ।

बलवा नगरपालिका-७ का सीताशरण पण्डितले किसानका समस्या चुनावी आश्वासनमै सीमित हुने गरेको गुनासो गरे।

"भोट माग्ने बेला समयमा मल दिन्छु, बोरिङ बनाइदिन्छु, सिँचाइको व्यवस्था गर्छु भन्ने प्रतिबद्धता आउँछ। तर समस्या पर्दा किसानको पीडा सुन्न कोही आउँदैन," उनले भने।

## अनियमित वर्षाले थपियो समस्या

यस वर्ष बदलिँदो मौसम र अनियमित वर्षाले किसानको समस्या थप बढाएको छ। कतिपय क्षेत्रमा वर्षा कम हुँदा खेत सुक्खा छन् भने कतिपय ठाउँमा सिँचाइका पुराना संरचना बिग्रिएका कारण पानी पुऱ्याउन कठिन भइरहेको छ।

सर्लाहीको सलमपुरका गगनदेव झाले मधेसका धेरै किसानको अवस्था यस्तै रहेको बताए।

"कहीँ पानी छ, कहीँ सुक्खा छ। कतै खेत तयार छ तर बीउ छैन, कतै बीउ छ तर मजदुर छैनन्। मलको समस्या पनि उस्तै छ," उनले भने।

उनका अनुसार धेरै बोरिङ र ट्युबवेल बिग्रिएका कारण किसानहरू वर्षाको प्रतीक्षामा बस्नुपर्ने अवस्था छ।

## सरकारले मल वितरण गरिएको दाबी

मधेस प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले भने धान खेतीलाई लक्षित गर्दै मल वितरण गरिसकेको जनाएको छ। मन्त्रालयका अनुसार प्रदेशका १३६ वटै स्थानीय तहका लागि ७ हजार ३२८ मेट्रिक टन युरिया र ६ हजार ६१० मेट्रिक टन डीएपी मल पठाइएको छ।

कृषि सामग्री कम्पनी लिमिटेडबाट प्राप्त युरिया र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडबाट प्राप्त डीएपी मल स्थानीय तहमा पठाइसकिएको मन्त्रालयको भनाइ छ।

तर किसान र डिपो सञ्चालकहरू भने मल अझै सहज रूपमा नपुगेको बताउँछन्। जनकपुरधाम उपमहानगर पालिका-२३ का डिपो सञ्चालक कैलाश साहले स्थानीय तहबाट आवश्यक प्रक्रिया पूरा नहुँदा समस्या भएको बताए।

"अहिलेसम्म उपमहानगर पालिकाले पत्र दिएको छैन। हामीलाई पनि समयमा मल उपलब्ध गराइएको छैन। पहिलेको बाँकी रहेको थोरै मल वितरण गरिरहेका छौँ, तर त्यो पर्याप्त छैन," उनले भने।

## समन्वय गरेर मल पुऱ्याउने मन्त्रालयको भनाइ

मधेस प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका मलसम्बन्धी गुनासो सुन्ने अधिकारी रवि बस्नेतले डिपोहरूमा मल पठाइसकिएको बताए।

"धेरै पालिकाबाट डिपोसम्म मल नपुगेको गुनासो आएको छ। सम्बन्धित निकायसँग समन्वय गरेर छिट्टै सबै पालिकामा मल पुऱ्याउने र किसानसम्म समयमै उपलब्ध गराउने प्रयास भइरहेको छ," उनले भने।

## बटैया किसान झन् समस्यामा

मधेसका धेरै किसानले अर्काको जग्गा बटैयामा लिएर खेती गर्ने गरेका छन्। यस्ता किसानलाई मल र सिँचाइ अभावले झन् बढी असर परेको छ।

धनुषाको माछी झिटकैया निवासी रघुवीर यादवले बटैया खेती गर्ने किसानको लागत बढ्दै गएको बताए।

"उत्पादनको आधा हिस्सा जग्गा धनीलाई दिनुपर्छ। तर मल र पानी नपाउँदा उत्पादन घट्छ, लागत बढ्छ। यसले हामीजस्ता किसानलाई ठूलो असर गर्छ," उनले भने।

धान उत्पादनका लागि महत्वपूर्ण मानिने मधेसमा हरेक वर्ष रोपाइँका बेला देखिने मल र सिँचाइ समस्या दीर्घकालीन समाधानको प्रतीक्षामा छ। किसानहरू भने आकाशे पानी र सरकारी आपूर्तिको भरमा कहिलेसम्म खेती गर्ने भन्ने प्रश्न गरिरहेका छन्।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डायरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,

✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प

✓फलेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ बोर्ड
✓स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# रास्वपा सभापतिमा रवि लामिछाने निर्विरोध

**खबर दर्पण समाचारदाता**

**असार ९ गते, बर्दिवास**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सभापतिमा रवि लामिछाने निर्विरोध निर्वाचित भएका छन् ।

सभापति पदमा लामिछानेको मात्र उम्मेदवारी परेपछि उनी निर्विरोध निर्वाचित भएको पार्टीको केन्द्रीय निर्वाचन आयोगका उपप्रमुख राम गुरुङले जानकारी दिए ।

लामिछानेले वरिष्ठ नेता बालेन शाहलाई प्रस्तावक राखेर मनोनयन दर्ता गराएका थिए । मनोनयन दर्तापछि दुवै नेता निर्वाचन आयोग सचिवालयको बरन्डामा आएर उपस्थित कार्यकर्तालाई अभिवादन गरेका थिए ।

संशोधित निर्वाचन कार्यतालिका अनुसार अब केन्द्रीय सदस्य पदका लागि उम्मेदवारी दर्ता, दाबी-विरोध, उम्मेदवारी फिर्ता तथा अन्तिम नामावली प्रकाशनको प्रक्रिया आज राति नै सम्पन्न हुनेछ । राति ११:४५ बजे अन्तिम नामावली प्रकाशनसँगै मौन अवधि सुरु हुनेछ ।

भोलि बिहानदेखि केन्द्रीय सदस्य पदका लागि पहिलो चरणको मतदान हुने र मतदान सम्पन्न भएको दुई घन्टापछि मतगणना सुरु गरी परिणाम सार्वजनिक गरिनेछ ।



# सुनको भाउ घट्यो

**खबर दर्पण समाचारदाता**

**असार ९ गते, बर्दिवास**

सुनको भाउ आज तोलामा एक हजार ६०० रुपैयाँले घटेको छ ।

अस्ति आइतबार र हिजो सोमबार बढेको सुनको भाउ आज घटेको हो । भाउ घटेर सुन आज तोलाको २ लाख ८७ हजार १०० रुपैयाँमा कारोबार भइरहेको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ ।

हिजो सुनको भाउ तोलामा एक हजार ४०० रुपैयाँले बढेर तोलाको २ लाख ८८ हजार ७०० रुपैयाँमा कारोबार भएको थियो । अस्ति तोलाको २ लाख ८७ हजार ३०० रुपैयाँ रहेको थियो ।



त्यस्तै आज चाँदीको भाउ पनि तोलामा १४० रुपैयाँले घटेको छ । चाँदी आज तोलाको ४ हजार ५९० रुपैयाँमा झरेको महासङ्घले जनाएको छ । हिजो चाँदीको भाउ तोलाको ४ हजार ७३० रुपैयाँ रहेको थियो ।

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
जलेश्वर नगरपालिका,महोत्तरी

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
रामगोपालपुर नगरपालिका, महोत्तरी

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
बर्दिवास नगरपालिका,महोत्तरी

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
गौशाला नगर पालिका, महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
मनरा शिस्वा नगरपालिका,महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
मटिहानी नगरपालिका, महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
औरही नगरपालिका महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
सोनमा गाउँपालकि, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
एकडारा गाउँपालिका, महोत्तरी

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
लोहारपट्टी नगरपालिका,महोत्तरी

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
बलवा नगरपालिका, महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
भंगहा नगरपालिका, महोत्तरी

छोरा छोरीमा भेदभाव
छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
सम्सी गाउँपालिका, महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
पिपरा गाउँपालिका, महोत्तरी

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
महोत्तरी गाउँपालिका, महोत्तरी

# मधेश प्रदेश आँपको ………………

६७६ मेट्रिक टन आँप उत्पादन हुन्छ। त्यसपछि सप्तरीमा ९६ हजार मेट्रिक टन, रौतहटमा ६२ हजार ५६१, सर्लाहीमा ३९ हजार ११८, धनुषामा ३६ हजार ९१६, महोत्तरीमा ३२ हजार ७२२, बारामा १९ हजार २६९ तथा पर्सामा चार हजार ७३१ मेट्रिक टन आँप उत्पादन हुने गरेको छ। तथ्याङ्क अनुसार देशको कुल आँप उत्पादनमध्ये ७७.१ प्रतिशत योगदान मधेश प्रदेशको रहेको छ।

धनुषाको बटेश्वरका युवा फुलगेन महतोले प्रदेश आँप उत्पादनको केन्द्र भए पनि बजारीकरणको समस्या रहेको बताउनुभयो। किसानले अहिले प्रतिकिलो ३० देखि ५० रुपियाँमा आँप बिक्री गर्न बाध्य रहेको उहाँको भनाइ छ।

महतोले यही अवस्थालाई ध्यानमा राखेर आँपको बजारीकरण तथा आँपमार्फत पर्यटन प्रवर्धन गर्ने उद्देश्यले विगत तीन वर्षदेखि बटेश्वर स्थित आँप बगैँचामा आँप मेला-महोत्सव आयोजना गर्दै आएको बताउनुभयो। उहाँका अनुसार मधेशका हजारौँ परिवार प्रत्यक्ष रूपमा आँप खेतीमा संलग्न छन्। पछिल्ला वर्षमा वैदेशिक रोजगारीबाट फर्किएका युवासमेत आधुनिक बगैँचा स्थापना गरी आँप खेतीतर्फ आकर्षित हुन थालेका छन्। एकपटक रोपेपछि दशकौँसम्म उत्पादन दिने भएकाले किसानले यसलाई दीर्घकालीन लगानीका रूपमा लिन थालेको उहाँको भनाइ छ।

नेपाल होटल तथा पर्यटन व्यवसायी सङ्घ, मधेश प्रदेशका अध्यक्ष हिरा गौतमले स्थानीय आँपको व्यवस्थित बजारीकरणका लागि तीनै तहका सरकार गम्भीर हुनुपर्ने बताउनुभयो। स्थानीय आँप भण्डारण गर्ने विषयमा अब विशेष ध्यान दिनुपर्ने उहाँले उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "स्थानीय आँपलाई भण्डारण गरेर सिजनपछि बिक्री गर्ने वातावरण बनाउन सकियो भने किसानले राम्रो मूल्य पाउन सक्छन्।"

उहाँका अनुसार आँपबाट बन्ने अचार, अमोट, सुकुटी, जाम, जुस, स्क्वासलगायत परिकारको व्यावसायिक उत्पादन गर्न आवश्यक छ। साथै आँपलाई पर्यटनसँग जोडेर 'म्याङ्गो टुरिजम' को अवधारणा विकास गर्न सकिने सम्भावना पनि रहेको उहाँको भनाइ छ। मिथिला संस्कृति, स्थानीय परिकार र आँपजन्य उत्पादनलाई एकीकृत गरेर पर्यटन प्रवर्धन गर्न सकिने अध्यक्ष गौतमले बताउनुभयो।

नेपाल उद्योग परिसङ्घ, मधेश प्रदेशका अध्यक्ष प्रमोद साहले कुनै समय घरआँगनमा सीमित रहेको आँप आज मधेशको आर्थिक सम्भावनाको महत्त्वपूर्ण आधार बनेको बताउनुभयो। उत्पादनसँगै प्रशोधन, भण्डारण, ब्रान्डिङ र निर्यातलाई व्यवस्थित गरी अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन सरकारले पहल गर्नुपर्ने उहाँको भनाइ छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशका सचिव डा. सञ्जयकुमार यादवले आँप उत्पादन तथा बजार विस्तार मन्त्रालयको प्राथमिकतामा रहेको बताउनुभयो। उहाँका अनुसार प्रशोधन केन्द्र स्थापना, भण्डारण व्यवस्था तथा आँपबाट जुस, अचार, पाउडरलगायत परिकार उत्पादन गरी स्वदेश तथा विदेशमा निर्यात गर्ने योजनामा मन्त्रालयले काम गरिरहेको छ। सचिव यादवले भन्नुभयो, "आँप उत्पादनलाई अझ प्रविधिमैत्री, आधुनिक र निर्यातमुखी बनाउने योजना छ। यसले मधेश प्रदेशको आर्थिक समृद्धिमा ठुलो टेवा पुऱ्याउने छ।"

उहाँले मधेशको माटो र हावापानी आँप खेतीका लागि अत्यन्त उपयुक्त रहेको बताउँदै देशभर उत्पादन हुने आँपमध्ये ७७ प्रतिशतभन्दा बढी मधेश प्रदेशको योगदान रहेको जानकारी दिनुभयो।

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
धनुषाधाम नगरपालिका,धनुषा

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
विदेह नगरपालिका, धनुषा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
औरही गाउँपालिका, धनुषा

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
बटेश्वर गाउँपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
लक्ष्मीनियाा गाउँपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
नगराईन नगरपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
सबैला नगरपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
कमला नगरपालिका धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
मिथिला विहारी नगरपालिका, धनुषा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
हंसपुर नगरपालिका,धनुषा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
मिथिला नगरपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
शहिद नगर नगरपालिका, धनुषा

छोरा छोरीमा भेदभाव छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
जनकनन्दनी गाउँपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका, धनुषा

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
धनौजी गाउँपालिका, धनुषा

# जनकपुरधाममा महिला टि-२० निको कपमा लुम्बिनी, एपीएफ र बागमती विजयी

खबर दर्पण समाचारदाता
**असार ९ गते, जनकपुरधाम**




जनकपुरधाममा जारी रहेको निको कप महिला टि-२० राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत आज सम्पन्न भएको तीन खेलमा लुम्बिनी, एपीएफ र बागमती प्रदेशका महिला टिम विजयी भएको छ ।

मधेश प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश खेलकुद परिषद् तथा नेपाल खेलकुद महासङ्घको संयुक्त आयोजनामा जनकपुरधामको निर्माणाधीन रामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रङ्गशालामा भएको पहिलो खेलमा कर्णाली प्रदेशलाई लुम्बिनी प्रदेशले ५ विकेटले पराजित गरेको हो ।

पहिलो ब्याटिङ्ग गर्दै कर्णाली प्रदेशका महिला क्रिकेट टिमले २० ओभर खेल्दै ७ विकेटको क्षतिमा ८५ रन बनाएका थिए। कर्णालीका तर्फबाट त्रिसना विश्वकर्मा १२ रन, गंगा खड्का १४, अञ्जु गुरुङ १३ रन बनाएका थिए । लुम्बिनीका तर्फबाट मनीषा राना ३, सुस्मिता भुसाल २ र अञ्जु पाठकले १ विकेट लिनु भएको थियो ।

८६ रनको लक्ष्य सहित खेल मैदानमा आएका लुम्बिनी प्रदेशका महिला टिमले १५ ओभर मा ५ विकेटको क्षतिमा ८६ रन बनाउदै ५ विकेटले विजयी भएको थियो । लुम्बिनीका तर्फबाट रञ्जु श्रेष्ठले २३, आसमा पुलामी मगरले २८ रनको महत्वपूर्ण योगदान दिँदै टिमलाई विजयी गराउनु भएको छ । कर्णालीका तर्फबाट गंगा खड्काले २ र त्रिशना विश्वकर्माले १ विकेट लिनु भएको थियो ।

आजै भएको दोस्रो खेलमा गण्डकी प्रदेशलाई सशस्त्र प्रहरीको विभागीय महिला टिमले ७ विकेटले पराजित गर्दै विजयी भएको छ । सुरुमा ब्याटिङ्ग गर्दै गण्डकी प्रदेशले २० ओभरको खेलमा ८ विकेटको क्षतिमा ६४ रनमात्र बनाएका थिए । गण्डकीका तर्फबाट रेखा तामाङ्गले १० र सीमा केसीले १० रन बनाएपनि अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन नसकेर ६४ रनमा समेटिएका थिए ।

सशस्त्र प्रहरीका महिला विभागीय टिमका तर्फबाट सवनम राय २, राजमति ऐरी २, सविना जोरी र रेवती धामीले समान १-१ विकेट लिएका थिए । ६५ रनको लक्ष्य सहित ब्याटिङ्ग गर्न आएका सशस्त्र प्रहरीका टिमले १३.२ ओभरमा ३ विकेटको क्षतिमा ७० रन बनाउदै विजयी भएका थिए । सशस्त्र प्रहरीका तर्फबाट रमा धामी २५, कविता जोशी २० रनको शान्दार पारी खेल्नु भएको थियो । गण्डकीका तर्फबाट यशोदा भुजेल र सीमा केसीले समान १-१ विकेट लिनु भएको थियो । यसै गरि बागमती र सुदूरपश्चिम प्रदेशको बीचमा आजै भएको तेस्रो खेलमा बागमती प्रदेशले ६ रनले विजयी भएको छ । बागमतीले बनाएको ९५ रनको लक्ष्य सुदूरपश्चिमले भेटाउन नसकेर १९.३ ओभरमा अल आउट हुँदै ८९ रन मात्र बनाउन सकेका थिए ।

# मधेश प्रदेश आँपको राजधानी



खबर दर्पण समाचारदाता
**असार ९ गते, बर्दिवास**

मधेश प्रदेशलाई अन्नको भण्डार सँगै आँपको राजधानी पनि भन्ने गरिन्छ। देशभर उत्पादन हुने कुल आँपमध्ये तीन चौथाइभन्दा बढी आँप मधेशमै उत्पादन हुने भएकाले यो उपाधि दिइएको हो। बम्बई, माल्दा, दसहरी, कृष्णभोग, आम्रपाली, कलकतिया, जर्दालुलगायत ४० भन्दा बढी जातका आँप यहाँ उत्पादन हुने गरेका छन्। उर्वर भूमि, अनुकूल हावापानी र किसानको परिश्रमका कारण मधेश नेपालको सबैभन्दा ठुलो आँप उत्पादन केन्द्र बनेको छ। यहाँका किसान व्यावसायिक तथा परम्परागत दुवै तरिकाले आँप खेती गर्दै आएका छन्।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशको तथ्याङ्क अनुसार नेपालभर ४२ हजार ७७३ हेक्टर क्षेत्रफलमा आँप खेती हुँदै आएको छ। यसबाट वार्षिक पाँच लाख १३ हजार ५५ मेट्रिक टन आँप उत्पादन हुन्छ। त्यसमध्ये मधेश प्रदेशमा मात्रै २९ हजार ९९ हेक्टर क्षेत्रफलमा आँप खेती भइरहेको छ, जहाँबाट वार्षिक तीन लाख ९५ हजार ७९४ मेट्रिक टन आँप उत्पादन हुने गरेको छ।

उत्पादनका हिसाबले सिराहा अग्रस्थानमा रहेको छ, जहाँ वार्षिक एक लाख चार हजार

बाँकी पृष्ठ ३ मा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
लहान नगरपालिका,सिरहा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
कर्जन्हा नगरपालिका, सिरहा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
लालबन्दी नगरपालिका, सर्लाही

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
मिर्चैया नगरपालिका,सिरहा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
गोलबजार नगरपालिका, सिरहा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
धनगढीमाई नगरपालिका, सिरहा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
जनकपुरधाम उपमहानगरपालिका

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
क्षीरेश्वरनाथ नगर पालिका, धनुषा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
गणेशमान चारनाथ नगरपालिका, धनुषा

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०७३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,